Regd. No. 62/055/056

"*United Mission for Social Change*"

# दलित गैर सरकारी संस्था महासंघ
# DALIT NGO FEDERATION (DNF)

President
**Mr. Gajadhar Sunar**

Vice-president (Far-Western)
**Mr. Tek Bdr. Raika**

Vice-president (Western)
**Mr. Ramlakhan Harijan**

Vice-president (Mid-Western)
**Mr. Nanda Bishwakarma**

Vice-president (Woman)
**Mrs. Nirmala Gupta (Badi)**

Vice-president (Eastern)
**Mr. Gopal Lakandri BK**

Vice-president (Central)
**Mr. Sewal Ram**

General Secretary
**Mr. J. B. Bishwokarma**

Secretary
**Mr. Amrit Bishwakarma**

Secretary
**Mr. Sushil BK**

Treasurer
**Mr. Jitendra Paswan**

**Member (Eastern)**
Mr. Rajendra Ram
Mr. Dhruba Kumar BK
Mrs. Ganga Darnal

**Member (Central)**
Mr. Hari Prasad Rasaili
Mr. Nathuram Pariyar
Mrs. Tulasadevi Das Gautam

**Member (Western)**
Mr. Yam Bahadur Charmakar
Mr. Chhabilal Bishwakarma
Mrs. Dhan Maya Bishwakarma

**Member (Mid-Western)**
Mrs. Maya Nepali (Badi)
Mrs. Sarada Swornakar
Mr. Nim Bahadur Nepali

**Member (Far-Western)**
Mrs. Shanti Bhul
Mr. Bharat Nepali
Mr. Nara Bahadur Bishwakarma

**Member (Madhesi)**
Mr. Kaushal Kumar Dhobi
Mr. Buddhiram Harijan

**Member (Remote)**
Mrs. Gita Sunar
Mr. Aphilal Okheda

*Ref. No.* : 263/013

दलित गैर सरकारी संस्था महासंघ Dalit NGO Federation स्थापना २०५५

मिति: २०७०।५।१० गते

## प्रेस विज्ञप्ति

यही भदौ १ गते सिन्धुली जिल्ला रत्नावती गाविस- ६ ओखरबोट निवासी नन्दलाल विश्वकर्माले सार्वजनिक पानी घट्ट र मन्दिर आफूले पनि प्रयोग गर्न पाउनुपर्ने माग राख्दा त्यहाँका स्थानीय कथित गैर दलितहरुले कुटपिट गरी गाउँबाट विस्थापित बनाएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । उक्त अमानवीय तथा गैर कानूनी कार्यको हामी घोर भर्त्सना गर्दै खेद प्रकट गर्दछौं ।

महासंघलाई पीडितले दिएको घटनाविवरणअनुसार निज विश्वकर्माले केही समय अघि क्षेत्री समुदायको बीचमा जमिन किनी बसोबास गर्दै आएका थिए । उक्त गाउमा एउटै मात्र मन्दिर र घट्ट रहेकोमा विश्वकर्माले मन्दिरमा आफूले पूजाआजा गर्न पाउनुपर्ने र घट्टमा अन्न पिसाउन पाउनु पर्छ भन्ने माग राख्दा उनीहरुले बैठकमा आउनु भनी भदौ १ गते बोलाइ उनलाई जातीय अपमानजनक शब्द प्रयोग गरी गालीगलौज गर्दै कुटपिट गरेका थिए । पीडितका अनुसार तँ दलित भएर हामीले पूजा गर्ने मन्दिर र हामीले पिसाउने घट्टमा अन्न पिसाउने भन्दै सबै मिलेर कुटपिट गरेपछि असुरक्षाका कारण उनी गाउँ छाडेर काठमाडौंमा बस्दै आएका छन् ।

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र भई छुवाछूत मुक्त राष्ट्र घोषणा, जातीय विभेद तथा छुवाछूत (कसुर तथा सजाय) ऐन २०६८ पारित भइसक्दा पनि जातिय छुवाछुत र विभेदकै कारण दलित समुदायमाथि दिनप्रति दिन आक्रमणका घटनाहरु बढ्नु, दलितहरुले कुनै न्याय पाउने अवस्था नहुनु र राज्य मुकदर्शक भएर बस्नु दुखद पक्ष हो।

अत : उक्त घटनाको छानविन गरी दोषीलाई छुवाछुत ऐन अनुसार कडा कारवाही गर्न, पीडितलाई पुनरस्थापना गरी शान्ति सुरक्षा प्रदान गर्न, र यस्ता घटनामा कमी ल्याउनका लागि विशेष कार्यक्रम सन्चालन गर्न नेपाल सरकारसंग माग गर्दै न्यायका पक्षमा उभिन मानवअधिकारकर्मी, पत्रकार तथा आम जनसमुदायमा हार्दिक अपिल गर्दछौं ।

[signature]

गजाधर सुनार

अध्यक्ष